# दिपायल सिलगढी स्थानीय राजपत्र

डोटी जिल्ला, प्रदेश नं. ७, नेपाल

स्थानीय सरकारद्वारा प्रकाशित

वर्षः ०१, अंक :०१ , संख्या : ०६, दिसिनपा,डोटी, स्थानीय राजपत्र, भाग :०२ मिति २०७४ फाल्गुन २ गते बुधबार

## भाग २
## स्थानीय सरकार
## दिपायल सिगढी नगरपालिकाको सूचना

दिपायल सिलगढी नगरपालिकाको कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नियमावली स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्बसाधारणको जानकारीकोलागि प्रकाशन गरिएको छ ।

## सम्वत् २०७४ सालको नियमावली नं. ०६

## दिपायल सिलगढी नगरपालिकाको आधारभुत तथा माध्यामिक शिक्षा अन्तरगत आधारभूत तह कक्षा ८ को परीक्षा सञ्चालन गर्न बनेको कार्यविधी, २०७४

**प्रस्तावना :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ को (ज) आधारभूत तथा माध्यामिक शिक्षाको बुँदा नं. १४ बमोजिम आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन र व्यवस्थापन गर्ने अधिकारको कार्यान्वयन गर्न आधारभूत तह कक्षा ८ को परीक्षा सञ्चालन कार्यविधी, २०७४ तयार गरि लागू गरिएको छ ।

## भाग – १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधीको नाम "आधारभूत तह कक्षा ८ को परीक्षा सञ्चालन कार्यविधी, २०७४" रहेको छ ।

(२) यो कार्यविधी कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,

(क) "कार्यविधी" भन्नाले "आधारभूत तह कक्षा ८ को परीक्षा सञ्चालन कार्यविधी, २०७४" सम्झनुपर्छ ।
(ख) "नगरपालिका" भन्नाले दिपायल सिलगढी नगरपालिका सम्झनुपर्छ ।
(ग) "कार्यपालिका" भन्नाले दिपायल सिलगढी नगर कार्यपालिका सम्झनुपर्छ ।
(घ) "नगर प्रमुख र उपप्रमुख" भन्नाले दिपायल सिलगढी नगरपालिकाका नगर प्रमुख र उपप्रमुख सम्झनुपर्छ ।
(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले दिपायल सिलगढी नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।
(च) "समिति" भन्नाले नियम ३ बमोजिम गठित समिति सम्झनुपर्छ ।
(छ) "अध्यक्ष" भन्नाले उक्त समितिको अध्यक्ष सम्झनुपर्छ ।
(ज) "सदस्य सचिव" भन्नाले उक्त समितिको सदस्य सचिव सम्झनुपर्छ ।
(झ) "सदस्य" भन्नाले उक्त समितिको सदस्य, सदस्य सचिव र अध्यक्ष समेतलाई सम्झनुपर्छ ।
(ञ) "विषय बिशेषज्ञ" भन्नाले सम्बन्धित विषयमा विज्ञता हासिल गरेको व्यक्तिलाई सम्झनुपर्छ ।
(ट) " आधारभूत तहको परीक्षा" भन्नाले आधारभूत तह कक्षा ८ को परीक्षालाई सम्झनुपर्छ ।
(ठ) "शिक्षा उपशाखा" भन्नाले दिपायल सिलगढी नगर कार्यपालिकाको कार्यालय सामाजिक विकास शाखा अन्तरगत आधारभूत तथा माध्यामिक शिक्षा हेर्ने उपशाखालाई सम्झनुपर्छ ।
(ड) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस कार्यविधी अन्तरगत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

## भाग - २
## परीक्षाको सञ्चालन, नियन्त्रण र व्यवस्थापन

**३. आधारभूत तह उतीर्ण परीक्षाको सञ्चालन नियन्त्रण र व्यवस्थापन** : आधारभूत तह उतीर्ण परीक्षाको सञ्चालन, नियन्त्रण र व्यवस्थापनकोलागि देहाय बमोजिमको आधारभूत तह उतीर्ण परीक्षा समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत अध्यक्ष

(ख) नगरपालिका भित्रका आधारभूत तह र माध्यामिक तहका विद्यालयका शिक्षकहरुको प्रतिनिधित्व हुनेगरी एकजना महिला र एक जना निजी क्षेत्रको विद्यालयबाट सहित प्रमुख प्रशासकीय अधिकृतले मनोनित गरेका चार जना सदस्य

(ग) सामाजिक विकास शाखाको प्रमुख एकजना सदस्य

(घ) नगर कार्यपालिका कार्यालयको शिक्षा उपशाखा हेर्ने प्रमुख एकजना सदस्य

(ङ) परीक्षा समितिले नगर प्रमुख, उपप्रमुख र सम्बन्धित विषयका विशेषज्ञहरुलाई समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(च) परीक्षा समितिको बैठक सम्बन्धी कार्यविधी सो समितिले आफै निर्धारण गरे बमोजिम हुनेछ ।

(छ) परीक्षा समितिको कार्यकाल दुई वर्षको हुनेछ ।

४. **समितिको काम कर्तव्य र अधिकार :** आधारभूत तह उतीर्ण परीक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) परीक्षा परिचालन सम्बन्धमा नीति निर्धारण गर्ने ।

(ख) परीक्षा केन्द्र तोक्ने ।

(ग) विद्यालयहरुलाई समूहमा विभाजन गरी परीक्षा सञ्चालन गर्ने ।

(घ) परीक्षाफल प्रकाशित गराउने तथा उतिर्ण परीक्षार्थीहरुलाई प्रमाण-पत्र दिने ।

(ङ) संस्थागत विद्यालयको परीक्षा शुल्क तथा परीक्षा सम्बन्धी काममा संलग्न व्यक्तिको पारिश्रमिक निर्धारण गर्ने ।

(च) कुनै परीक्षा केन्द्रमा अनियमितता भएमा आवश्यकता अनुसार परीक्षा बदर गरी पुनःपरीक्षा गराउने वा त्यस्तो परीक्षा केन्द्र बन्द गर्ने ।

(छ) दैवी प्रकोप वा अन्य कुनै कारणबाट निर्धारित समयमा परीक्षा सञ्चालन गर्न वा परीक्षाफल प्रकाशित गर्न बाधा परेमा तुरुन्तै आवश्यक निर्णय लिने ।

(ज) नगरपालिकाले तोकेबमोजिमका अन्य काम गर्ने ।

(झ) नियम ४ को (घ) बमोजिम प्रमाण-पत्र दिंदा परीक्षा समितिले विषयगत उतीर्ण पद्धती (Subject wise pass system) अवलम्बन गरी जतिवटा विषयमा विद्यार्थी उतीर्ण भएको हुन्छ, त्यतीवटा विषयको मात्र प्रमाण-पत्र दिनेछ ।

(ञ) परीक्षा समितिले नियम ४ बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकताअनुसार केही अधिकार उप-समिति वा कार्यटोली वा कुनै अधिकारीलाई सुम्पन सक्नेछ ।

## भाग – ३
## विविध

५. **कार्यविधीमा संशोधन :** (१) कार्यपालिकाबाट कार्यविधीमा संशोधन गर्न सकिनेछ ।

(२) कार्यविधीमा भएको संशोधनको जानकारी सम्बन्धित सबै पदाधिकारी तथा सरोकारवालाहरूलाई दिनुपर्नेछ ।

(३) नगर पालिकाले आफ्नो स्थानीय विशिष्ठता, कार्य प्रकृति र आवश्यकता अनुसार यस कार्यविधीमा समय समयमा थप व्यवस्था समावेश गरी लागू गर्न सकिनेछ ।

**प्रमाणीकरण मिति :२०७४।१०।२९**

**आज्ञाले**
**भोजराज शर्मा**
**नि. प्रमुख प्रशासकीय अधिकृत**